# नेपाल सरकार

**प्रदेश प्रमुख**
**बागमती प्रदेश**
**हेटौंडा, मकवानपुर**

## २५६९ औं बुद्ध जयन्तीको शुभकामना

शान्तिका अग्रदूत, बौद्ध धर्मका प्रवर्तक, ज्ञान र करुणाका स्रोत भगवान गौतम बुद्धको जन्म, ज्ञान प्राप्ति र महापरिनिर्वाण भएको यस पवित्र दिन बुद्ध जयन्तीको अवसरमा बागमती प्रदेश, देश तथा बिदेशमा रहनुभएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछु।

आज बैशाख पूर्णिमाको दिन चैत्य, गुम्बा र बिहारहरूमा बिशेष प्रार्थना, ध्यान, पूजाअर्चना र प्रवचन लगायतका विविध कार्यक्रमहरू गरि भगवान बुद्धप्रति श्रद्धाभाब प्रकट गरिन्छ। आजको दिनलाई विश्व शान्तिको प्रतीक बोकेको दिनको रूपमा लिइन्छ। बुद्धले दिनुभएको अहिंसा, करुणा र समता जस्ता अमूल्य सन्देश मानव जगतलाई सुमार्गमा डोऱ्याउने आधारशिला हुन्। शान्तिका दूत भगवान गौतम बुद्धको जन्म नेपालमा हुनु हामी सबैको लागि गौरबको कुरा हो। यस अवसरमा उहाँका शिक्षालाई आत्मसात् गर्दै सभ्य, सहिष्णु, समावेशी र समृद्ध समाज निर्माणमा एकजुट हुने दृढ संकल्प हामी सबैमा जागृत होस् भन्ने कामना गर्दछु।

विश्व परिबेशमा भैरहेका अशान्ति, हतियार होड, द्वन्द, युद्ध र युद्धउन्मुख परिदृश्यले बुद्धमार्गको अपरिहार्यताको बोध गराएको छ। भगवान बुद्धको आदर्शले हामी सबैलाई शान्ति, सत्य, प्रेम, संयम र सदाचारको बाटोमा अग्रसर हुने प्रेरणा प्रदान गरोस् भन्ने कामना गर्दछु।

**२०८२ साल बैशाख २९ गते, सोमबार**
**ने. सं. ११४५ बछलाथ्व: पूर्णिमा**

**दीपक प्रसाद देवकोटा**
**प्रदेश प्रमुख**